शान्तिनगर गाँउपालिका
Shantinagar Rural Municipality

# गाँउ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipality

चिराघाट, दाङ (लुम्बिनी प्रदेश, नेपाल)
Chiraghat, Dang (Lumbini Province, Nepal)

पत्र संख्याः ८-२०७९/०८० (उद्योग, व्यवसाय)
चलानी नः

मितिः २०७९/१२/०५

**विषयः प्रशिक्षक करारमा लिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सृजना तर्फका सीप विकास तालीमहरु सञ्चालनको लागि दक्ष प्रशिक्षकको आवश्यक्ता भइ सेवा करारमा लिनु पर्ने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सम्बन्धित विषय र अवधिका लागि सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेको र म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही हुने छैन । निवेदनको ढाँचा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१. कटाइ सिलाई तर्फः
- क. अवधिः ३ महिना ।
- ख.पारिश्रमिकः मासिक २६०८२।- (अधिकतम्)

२. केश श्रृंगार तथा सौन्दर्य तर्फः
- क. अवधि १.५ महिना (४५ दिन) ।
- ख. पारिश्रमिकः मासिक ३२९०२।- (अधिकतम्)

३. न्यूनतम् योग्यताः
- क.मान्यता प्राप्त शिक्षण संस्थाबाट एस्. एल्. सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तह एक को सीप परीक्षण उत्तीर्ण भएको ।
  वा,
  सम्बन्धित विषयमा प्राविधिक एस्. एल्. सी. उत्तीर्ण वा सीप तह दुई को सीप परीक्षण उत्तीर्ण गरी शिक्षण/प्रशिक्षण तालीम लिएको ।
  वा,
  परम्परागत ज्ञान सीप र प्रविधिको हस्तान्तरण गर्न सक्ने सीप तथा क्षमता भएको सीप सम्बन्धी प्रमाण पत्र प्राप्त प्रशिक्षक ।

४. पेश गर्नु पर्ने कागजातः
- क. नेपाली नागरिकताको प्रतिलिपि ।
- ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
- ग. कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।
- घ. समावेशी समूह अन्तर्गत पर्ने भएमा सो प्रमाणको प्रतिलिपि ।
- ङ. नागरिकताको प्रमाण पत्रमा भएको ठेगाना र हालको स्थायी ठेगाना फरक भएमा सो को प्रमाण पत्रको प्रतिलिपि । (बसाई सराई भएको र विवाहित महिलाको हकमा विवाह दर्ताको निस्सा अनिवार्य पेश गर्नु पर्ने ।)
- च. अन्य भएमा खुलाई पेश गर्ने ।

५. उमेरः १८ वर्ष पूरा भइ ५८ वर्ष ननाघेको ।

६. आवेदन दस्तुरः रु ३००। (तीन सय)

७. छनौटको किसिमः अन्तर्वार्ता । (व्यवसायिक तथा सीपमूलक तालीम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ को दफा १६ बमोजिम)

८. आवेदन दिने अन्तिम म्यादः २०७९।१२।११गते (सार्वजनिक विदा परे सोको भोलीपल्ट) कार्यालय समयसम्म ।

९.अन्तर्वार्ता मितिः २०७९।१२।१३ गते दिनको ३ बजे ।

अधिकृत